नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

# नौगाड गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ५ संख्याः १०० मितिः २०८३।०६।२८ गते

भाग-२

# नौगाड आधारभूत अस्पतालका पदाधिकारी र कर्मचारी प्रोत्साहन कार्यविधि, २०८३

कार्यपालिकामा पेश मितिः २०८३।०६।२२ गते
कार्यपालिकाबाट पारित मितिः २०८३।०६।२२ गते
प्रमाणीकरण मितिः २०८३।०६।२२ गते
स्थानीय राजपत्रमा प्रकाशन मितिः २०८३।०६।२८ गते

**प्रस्तावनाः** नौगाड गाउँपालिकाको आधारभूत अस्पतालमा कार्यरत पदाधिकारी तथा कर्मचारीहरूलाई प्रोत्साहित गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गाउँकार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ।

"नौगाड आधारभूत अस्पतालका पदाधिकारी र कर्मचारी प्रोत्साहन कार्यविधि, २०८३"

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोपरीगाड, धार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "नौगाड आधारभूत अस्पतालका पदाधिकारी र कर्मचारी प्रोत्साहन कार्यविधि, २०८३" रहनेछ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषाः**

क) "कार्यपालिका" भन्नाले नौगाड गाउँ कार्यपालिका सम्झनुपर्छ।

ख) "गाउँपालिका" भन्नाले नौगाड गाउँपालिका सम्झनुपर्छ।

ग) "अध्यक्ष" भन्नाले नौगाड गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ।

घ) "उपाध्यक्ष" भन्नाले नौगाड गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ र यस शब्दले अस्पताल सञ्चालन तथा ब्यवस्थापन समितिको उपाध्यक्षलाई समेत जनाउने छ ।

ङ) "अस्पताल" भन्नाले नौगाड गाउँपालिकाको आधारभूत अस्पताल सम्झनुपर्छ।

च) "मेडिकल सुपरिटेन्डेन्ट/अस्पताल प्रमुख" भन्नाले अस्पताल सञ्चालन तथा व्यवस्थापनका लागि जिम्मेवारी प्राप्त चिकित्सक/ अधिकारी सम्झनुपर्छ।

छ) "चिकित्सक तथा स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानून बमोजिम सम्बन्धित परिषदबाट अनुमति प्राप्त गरी अस्पतालमा कार्यरत व्यक्ति सम्झनुपर्छ।

ज) "कर्मचारी" भन्नाले अस्पतालमा कार्यरत चिकित्सक/स्वास्थ्य कर्मी वा प्रचलित कानून बमोजिम कार्यरत प्रशासनिक कर्मचारी सम्झनुपर्छ।

झ) "समिति" भन्नाले प्रचलित कानून बमोजिम गठित अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति सम्झनुपर्छ।

ञ) "शाखा" भन्नाले नौगाड गाउँपालिकाको स्वास्थ्य शाखा सम्झनुपर्छ।

ट) "सेवाग्राही" भन्नाले अस्पतालबाट स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनुपर्छ।

ठ) पदाधिकारी भन्नाले अस्पताल सञ्चालन तथा ब्यवस्थापन समितिका पदाधिकारी/आमन्त्रित व्यक्तिलाई सम्झनुपर्छ।

"नौगाड आधारभूत अस्पतालका पदाधिकारी र कर्मचारी प्रोत्साहन कार्यविधि, २०८३"

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीबाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## परिच्छेद-२

## प्रोत्साहन तथा सुविधा

**३. पदाधिकारीहरूको सुविधाः**

अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको बैठक भत्ता, बैठक सम्बन्धी खर्च तथा भ्रमण भत्ता नौगाड गाउँपालिकाको प्रचलित नियम तथा स्वीकृत दर अनुसार हुनेछ।

**४. कर्मचारीहरुको प्रोत्साहन सुविधाः**

(१) अस्पतालको प्रभावकारी सेवा प्रवाहका लागि कर्मचारीलाई सिफ्ट रोस्टर बनाई खटाइनेछ। निर्धारित ड्युटी अफिसर/डिपार्टमेन्ट इन्चार्जले सिफ्ट रोस्टर र अतिरिक्त समयको अभिलेख तयार गरी अस्पताल प्रमुखबाट स्वीकृत सूची तथा अतिरिक्त समय अभिलेखका आधारमा मासिक कार्यघण्टा विवरण तयार गरिनेछ।

(२) अतिरिक्त काम गरेको समयका लागि प्रचलित नियमानुसार सट्टा बिदा उपलब्ध गराउन सकिनेछ। सट्टा बिदा नलिएको अवस्थामा स्वीकृत नियम र बजेटको सीमाभित्र रहि अतिरिक्त सुविधा उपलब्ध गराउन सकिनेछ।

(३) नियमित सेवा बाहेक विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्न बाह्य क्षेत्रबाट आमन्त्रण गरिएका विशेषज्ञ चिकित्सक/प्राविधिक जनशक्तिलाई गाउँपालिकाको प्रचलित नियम, स्वीकृत दर तथा अस्पतालको आर्थिक क्षमता अनुसार थप सुविधा उपलब्ध गराउन सकिनेछ।

(४) अस्पतालको देहाय बमोजिमका शाखाहरुमा अस्पतालको खुद आम्दानिको आधारमा देहाय बमोजिम अधिकतम प्रोत्साहन सुविधा उपलव्ध गराउन सकिनेछ ।

| क्र.सं. | सेवा विवरण | सेवा वापत कर्मचारीले पाउने सुविधा | कैफियत |
|---|---|---|---|
| १ | USG | ५०% | |
| २ | MOT/EOT/OT | १५% | |
| ३ | ECG | ५०% | |
| ४ | LABORATORY | २०% | |
| ५ | Radiography | २०% | |
| | pharmacy | २०% | |
| ६ | Night Allowance | 300 per Night. | चौथो र पाँचौ तहका कर्मचारी |
| ७ | सार्वजनिक विदाको दिन | 300 per /8 Hour | सेवा दिए वापत |

प्रमुख प्रशासकीय अधिकृत

**(५)** देहाय बमोजिमका शाखाहरुमा रातिको समय काम गर्ने कर्मचारीहरुलाई देहाय बमोजिमको रात्री सुविधा उपलव्ध गराइने छ।

| क्र.सं. | शाखा | दिन | आवश्यक जनशक्ति |
|---|---|---|---|
| १ | अन्तरंग सेवा | ३६५ | १ |
| २ | इमरजेन्सी सेवा | ३६५ | २ |
| ३ | फार्मेसी सेवा | ३६५ | १ |
| ४ | दर्ता चलानी सेवा | ३६५ | १ |
| ५ | प्रसुती सेवा | प्रसुति सेवा दिएको दिन | २ |
| ६ | अनकल चिकित्सक सेवा | सेवा दिएको दिन | १ |
| ७ | अनकल ल्याव सेवा | सेवा दिएको दिन | १ |
| ८ | अनकल एक्सरे सेवा | सेवा दिएको दिन | १ |

**(६)** अस्पताल नजिक आफ्नो स्थायि बासस्थान नभएका वा भाडा तिरि डेरा गरि बस्नुपर्ने अवस्था भएका कर्मचारीहरुलाई मासिक रु. २००० (अक्षरेपी दुई हजार मात्र) आवास सुविधा उपलव्ध गराईनेछ।

## परिच्छेद-३
## विविध

**६. कार्यालय समय, जिम्मेवारी र हाजिरीः**

कार्यालय समय वा आफ्नो जिम्मेवारीको समयमा अस्पताल परिसरबाट बाहिर निस्कँदा लगबुक भर्ने वा/स्वीकृत प्रक्रिया अनुसार अनुमति लिनुपर्नेछ। लगबुक नभरी वा अनुमति नलिई अनुपस्थित भएमा प्रचलित कानून तथा सेवा शर्तअनुसार सुविधा उपलब्ध हुने छैन। निर्धारित समयभन्दा ढिला उपस्थित भएको अवस्थामा प्रचलित नियमअनुसार अभिलेख राखी आवश्यक कारबाही गरिनेछ।

**७. सेवा सुविधा प्राप्त गर्ने आधारः**

माथि उल्लेखित सेवा सुविधा प्राप्त गर्न विद्युतीय हाजिरीको प्रमाणित विवरण, स्वीकृत ड्युटी रोस्टर, ओभरटाइम/अन-कल रेकर्ड, आवश्यक सेवा प्रमाण तथा अस्पताल प्रमुख वा सम्बन्धित अधिकारीको सिफारिस अनिवार्य हुनेछ।

**८. बजेट तथा आर्थिक सीमाः**

नौगाड आधारभूत अस्पतालका पदाधिकारी र कर्मचारी प्रोत्साहन कार्यविधि, २०८३

प्रमुख प्रशासकीय अधिकृत

यस कार्यविधि बमोजिमको सुविधा स्वीकृत बजेटको सीमाभित्र मात्र उपलब्ध हुनेछ। संघ, प्रदेश वा अन्य स्रोतबाट एउटै प्रकृतिको सुविधा प्राप्त भएमा दोहोरो भुक्तानी हुने छैन। कर, लेखा, सार्वजनिक खरिद तथा अन्य आर्थिक प्रक्रिया प्रचलित कानून अनुसार हुनेछ।

**९. खारेजी तथा बचाउः**

यो कार्यविधि संघीय वा प्रादेशिक कानूनसंग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ। यो कार्यविधि लागु हुनुअघि उपलव्ध गराइएका वा गराउनुपर्ने सुविधा यसै कार्यविधि अनुरुप भए गरेको मानिनेछ।

आज्ञाले,
पुष्कर सिह धामी
प्रमुख प्रशासकीय अधिकृत

“नौगाड आधारभूत अस्पतालका पदाधिकारी र कर्मचारी प्रोत्साहन कार्यविधि, २०८३”